"समृद्ध नगर : खुसी नगरवासी"
गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

पत्र संख्या : २०७७/०७८ (शिक्षा, युवा तथा खेलकुद शाखा)
चलानी नं. : ४८०

मिति : २०७८।०२।१७

**विषय : कक्षा १ देखि ९ सम्मको अन्तिम मूल्याङ्कन तथा नतिजा प्रकाशन सम्वन्धी सूचना ।**

**श्री सम्पूर्ण विद्यालयहरु (सामुदायिक तथा संस्थागत सबै) ।**
**गुर्भाकोट नगरपालिका, सुर्खेत ।**

प्रस्तत विषयमा शैक्षिक सत्र २०७७ को अन्तिम मूल्याङ्कनको लागि वार्षिक परीक्षाको समयतालिका प्रकाशन भएकोमा कोभिड १९ को नयाँ भेरियन्ट सहितको दोस्रो चरणको महामारीका कारण परीक्षा स्थगित गरिएको व्यहोरा सबैलाई अवगत नै छ । भौतिक रुपमा उपस्थित भई परीक्षा सञ्चालन गर्नका लागि हालसम्म पनि वातावरण उपयुक्त नदेखिएको, जिल्लाभर निषेधाज्ञा कायम रहेको र शिक्षा नियमावली २०५९ (संसोधन सहित) को नियम ८४ को उपनियम १ को प्रतिवन्धात्मक वाक्यांसका आधारमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय बमोजिम आगामी शैक्षिक सत्र २०७८ साल असार १ गतेदेखि शुरु हुने भएकोले विद्यार्थीहरुको यस वर्षको अन्तिम निर्णयात्मक मूल्याङ्कन गरी नतिजा प्रकाशन गर्ने सम्वन्धमा मिति २०७८।०२।१३ गतेको प्रधानाध्यापक बैठकको निर्णयको प्रस्ताव समेतका आधारमा शिक्षा समितिको मिति २०७८।०२।१६ गतेको बैठक तथा आधारभुत तह उत्तीर्ण परीक्षा समितिको मिति २०७८।०२।१७ गतेको निर्णयानुसार कक्षा कक्षा १ देखि कक्षा ९ सम्मको अन्तिम निर्णयात्मक मूल्याङ्कन तपसिल बमोजिम गरी नतिजा प्रकाशन गर्नुहुन निर्देशनानुसार अनुरोध छ ।

**तपसिल**

१. कक्षा १ देखि कक्षा ९ को अन्तिम निर्णयात्मक मूल्याङ्कन गर्दा प्रयोगात्मक तथा निरन्तर विद्यार्थी मूल्याङ्कन पाठ्यक्रमले तोकेबमोजिम नै गर्ने, सैद्धान्तिक मूल्याङ्कन सम्वन्धमा यस अधि विद्यालयहरुले सञ्चालन गरेको आवधिक मूल्याङ्कन (त्रैमासिक तथा अर्धवार्षिक) परीक्षाको मूल्याङ्कनलाई मूख्य आधार वनाई सम्वन्धित विद्यालय र विषय शिक्षक मूख्य जिम्मेवार भई आन्तरिक मूल्याङ्कनका आधारमा गर्ने,

२. मूल्याङ्कन सम्वन्धि सबै विवरण विद्यालयले सुरक्षित राख्ने,

**३. बुदा नं. १ र २ का अतिरिक्त आधारभुत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को सम्वन्धमा निम्नानुसार गर्ने:**

अ. सम्वन्धित विषयगत शिक्षकले अंक प्रदान गरेर सम्वन्धित प्रधानाध्यापकले प्रमाणित गरी Hard Copy विद्यालयले सुरक्षित राखी सम्वन्धित विद्यालयले आफ्नो विद्यालयको Excel Template मा प्रयोगात्मक तथा सैद्धान्तिकको प्राप्ताङ्क मिति २०७८।०२।२५ गते भित्र प्रविष्ट गरिसक्ने,

आ. परीक्षा फाराम (परीक्षा फाराम बुझाउन बाँकी रहेका विद्यालयहरुले मात्र), प्रमाणित प्रयोगात्मक अंक लेजर, आवधिक परीक्षाको प्रमाणित मार्क लेजर तथा आन्तरिक मूल्याङ्कन समेतका आधारमा Template मा प्रविष्ट गर्न तयार गरिएको समष्टिगत प्रमाणित मार्क लेजरको Hard Copy मिति २०७८।०२।२६ गते भित्र अनिवार्य रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने,

**पुनश्च :** अन्य कक्षाको नतिजा विद्यालयहरुले र कक्षा ८ को नतिजा शिक्षा युवा तथा खेलकुद शाखाले जेठ मसान्त भित्र प्रकाशन गर्ने, विद्यालयहरुले मूल्याङ्कन कार्य तथा नतिजा प्रकाशन गर्दा स्वास्थ्य सम्वन्धि मापदण्डको पूर्ण पालना गर्नुका साथै कोभिड १९ को संक्रमण प्रवाह हुन सक्ने खालका क्रियाकलाप नगर्ने, नगराउने ।

**वोधार्थ**

श्री सूचना प्रविधि शाखा : सूचना website मा राखिदिनुहुन ।

(पदम बहादुर वि.क.)
अधिकृत छैठौं (शि.प्र.)

"कृषि, वन, पर्यटन र गुणस्तरीय स्वास्थ्य शिक्षा
सुखी, सुन्दर, पूवाधारमैत्री, समृद्ध गुर्भाकोट हाम्रो इच्छा"

Scanned with CamScanner